स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



पछिल्लो समय नेपाली निर्मातालाई ओभरसिज राइट्स राम्रो आम्दानीको स्रोत बनेको छ । विदेशमा फिल्म बिक्री हुँदा लगानीको ठूलो हिस्सा उठ्ने गर्छ । सिक्वेल र सिरिज फिल्मको त ओभरसिज राइट्सबाटै लगानी सुरक्षित हुने गरेको छ । अभिनेता सलोन बस्नेतले आफ्नो निर्माणमा बनेको नयाँ फिल्म 'रंगी'को छायांकनको बेलादेखि विदेश राइट्स बेच्न सुरु गरेका थिए । अब जापान राइट्स पनि बिक्री भएको छ ।

आजको विचार...



भ्रष्टहरूलाई...
(दुई पेजमा)

प्रा. देवीभक्त ढकाल

यस वर्षको बैशाखदेखि कातिक महिनासम्मको समय नेपाली फिल्मका लागि सानदार रह्यो । यो अवधिमा करिब एक दर्जन फिल्म व्यावसायिक रुपमा सफल भए । एक वर्ष पनि नपुग्दै यो किसिमको व्यापार भएको नेपाली फिल्मको इतिहासमै पहिलो पटक हो । यसैले यतिबेला धेरैले नेपाली फिल्मको 'स्वर्ण युग' सुरु भएको विश्लेषण गरिरहेका छन् । तर, कातिकसम्म उत्साहपूर्ण रहेको नेपाली फिल्मको व्यापार मंसिरदेखि सेलाएको छ ।



❒ वर्ष ३० ❒ अंक १५२ ❒ २०८१ पौष १० गते बुधबार 25 December 2024, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## रामपुर इलाका प्रशासन

# सेवा थपियो, जनशक्ति थपिएन

रासस

**रामपुर (पाल्पा),** पुस ८/इलाका प्रशासन कार्यालय रामपुरमा तोके अनुसारको दरबन्दी व्यवस्थापन नहुँदा सेवा प्रवाहमा समस्या थपिएको छ । कार्यालयबाट राहदानी तथा राष्ट्रिय परिचयपत्र सेवा सुरुआत भए पनि जनशक्ति व्यवस्थापन नहुँदा सेवा दिन कार्यालयलाई समस्या परेको जनाइएको छ । कार्यालयमा यही पुस ३ गतेदेखि राहदानी तथा राष्ट्रिय परिचयपत्र सेवा थप गरिएको थियो । तर कर्मचारी अभावमा काम गर्न समस्या भएको कार्यालय प्रमुख गणेशबहादुर कार्कीले बताए ।

उनले भने, 'कर्मचारीको अभाव भए पनि हामीले निकै कष्टका साथ सेवा दिएका छौँ, हालसालै राहदानी तथा परिचयपत्र सेवा थपिएको छ तर हामीसँग जनशक्ति छैन, दरबन्दी अनुसारको कर्मचारी व्यवस्थापन नहुँदा कार्यालयको कामकाजमा समस्या छ ।' राहदानी सेवाका लागि तीनवटा कम्प्युटर आवश्यक पर्छ तर कार्यालयमा हाल एउटा मात्रै कम्प्युटर छ । कार्यालयमा एक कार्यालय प्रमुख, एक नायब सुब्बा, दुई खरिदार, एक सहायक लेखापाल, एक कम्प्युटर अपरेटरको स्थायी दरबन्दी छ । तर हाल एक कार्यालय प्रमुख, एक सहायक लेखापाल, एक कम्प्युटर अपरेटर स्थायी दरबन्दीमा र दुईजना कार्यालय सहयोगी, एक सरसफाइ कर्मचारी कार्यरत छन् । रामपुर नगरपालिकाले प्रशासन कार्यालयको सेवालाई सहज बनाउन एक जना कर्मचारी काजमा खटाएको नगर प्रमुख रमणबहादुर थापाले बताए । हाल कार्यालयमा राष्ट्रिय परिचयपत्र पञ्जीकरण विभागबाट यही पुस ३ गतेदेखि एकजना कम्प्युटर अपरेटरको व्यवस्था गरिएको छ । कार्यालयमा दैनिक औसत एक सयजना सेवाग्राही आउने गरेका छन् । अहिले दैनिक नेपाली नागरिकता ४० देखि ४५, राष्ट्रिय परिचयपत्र ३५ देखि ४०, सेवा शुभारम्भ भएको दिनदेखि हालसम्म दशवटा राहदानी सेवा दिइएको कार्यालयले जनाएको छ । रामपुर-४ भीमसेनटोल बस्ने विष्णुमाया केसीले गाउँघरमा नै सेवा पाउँदा स्थानीयलाई धेरै राहत पुगेको बताइन् । कार्यालयमा राहदानी तथा राष्ट्रिय परिचय सेवा थालनी भएपछि पहिलो सेवाग्राहीका रुपमा राहदानी सेवा लिएकी केसीले खुसी व्यक्त गर्दै यहींबाट सेवा विस्तार गर्न पहल गर्ने सबैलाई धन्यवाद दिइन् । 'सानो बच्चाका कारणले राहदानी बनाउन सदरमुकाम तानसेन जान सकिरहेकी थिइन्, अहिले भने गाउँमा सेवा सुरु गरेपछि हामीलाई सजिलो भयो' उनले भनिन् । यही पुस ३ गते कार्यालयको नवनिर्मित भवन उद्घाटन, राहदानी र राष्ट्रिय परिचयपत्र सेवा विस्तार कार्यक्रममा सरिक हुँदै गृहमन्त्री रमेश लेखकले प्रशासन कार्यालयमा कर्मचारी तथा कुनै उपकरण, सामग्रीको अभावमा सेवा अवरुद्ध हुन नदिने प्रतिवद्धता जनाएका थिए । नागरिकलाई सरल किसिमले सेवा दिनु सरकारको पहिलो दायित्व भएकाले यस कार्यालयमा जनशक्ति, सामग्री अभावले सेवा रोकिने वातावरण नहुन नदिने गृहमन्त्री लेखकले विश्वास दिलाए । रामपुर नगरपालिका-५ स्थित बेझाड बजारमा अवस्थित प्रशासन कार्यालयको चौध कोठासहितको साढे दुई तलाको नयाँ भवन निर्माण गरी सञ्चालनमा छ । चार करोड ५६ लाख ७७ हजार पाँच सय ७१ बराबरको लागतमा गत असारमा भवन निर्माण सम्पन्न भएको हो । आधुनिक प्रविधिबाट निर्माण भएको अपाङ्गमैत्री कार्यालय भवनसँगै सुरक्षा कर्मचारी गृह (गार्ड हाउस), चमेनागृह तथा पर्खाल निर्माण गरिएको छ । सेवा विस्तारसँगै राहदानी र राष्ट्रियपत्रका लागि सदरमुकाम तानसेन पुग्नुपर्ने बाध्यता सधाका लागि हटेको छ । कार्यालयको आफ्नै भवन नहुँदा सेवा प्रवाहमा समस्या हुँदै आएको थियो । विसं २०७३ मा तत्कालीन गृहमन्त्री शक्तिबहादुर बस्नेतले कार्यालय स्थापनाको शुभारम्भ गरी सेवा प्रारम्भ भएको थियो ।



## सङ्क्षिप्त समाचार


### सवारी साधन ठोक्किँदा ७ को मृत्यु



रासस/एएफपी

**क्वालालम्पुर,** पौष ९/सोमबार राति उत्तरतर्फ जाने उत्तर-दक्षिण एक्सप्रेसवेको आयर केरोह रेस्ट र सेवा नजिक तीनवटा सवारीसाधन एकआपसमा ठोक्किँदा सात जनाको मृत्यु भएको छ भने अन्य ३३ जना घाइते भएका छन् । स्थानीय सञ्चारमाध्यमका अनुसार दुर्घटनामा २७ यात्रु बोकेको एउटा टुर बस, एउटा ट्रेलर र टोयोटा बीच भएको थियो । स्थानीय प्रहरीका अनुसार मृत्यु हुनेमा तीन पुरुष, तीन महिला र एक बालिका रहेका छन् । दुर्घटनाका कारण राजमार्गको दुबै दिशामा १० किलोमिटरभन्दा बढी ट्राफिक जाम भएको थियो । दुर्घटनाको कारण अनुसन्धान भइरहेको छ ।

## कैलाशनगर मिडियाकी प्रबन्धक भट्टराईलाई पितृ शोक



**पाल्पा, पौष ९/** कैलाशनगर मिडिया प्रालिका प्रबन्धक इन्द्रा भट्टराईलाई पितृशोक परेको छ । भट्टराईका ९३ वर्षीय पिता जदुपति पाण्डेको मंगलबार बिहान निधन भएको हो ।

आफ्नै निवास तानसेन नगरपालिका-१३ केरवादीमा उनको निधन भएको पारिवारिक स्रोतले जनाएको छ । उनी केही समयदेखि सामान्य विरामी थिए । पाण्डे मिडियाका अध्यक्ष जगदीश भट्टराईका ससुरा बुवा र नवजनचेतना दैनिकका व्यवस्थापक सीमा भट्टराईका हजुर बुवा समेत हुन् । स्व. पाण्डेले सामाजिक, शैक्षिक र राजनीतिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । उनी तत्कालिन बौघागुम्वा गाविस वडा नं.९ का वडा अध्यक्ष समेत बनेका थिए ।

पाण्डेको निधनले बौघागुम्वाले एक असल अभिभावक गुमाएको छ । उनका ६ छोरी र एक छोरा रहेका छन् । पाण्डेको मंगलबार नै हिन्दु परम्परा अनुसार रिडीमा दाहसंस्कार गरिएको छ ।

## चिलाङ्दीमा सुरु भयो पाल्पा महोत्सव

### स्थानीय कलासंस्कृति र कुटिर उद्योग प्रवर्द्धन हुने विश्वास

**पाल्पा,** पुस ९/जिल्लाको बगनासकाली गाउँपालिकाको प्रवर्द्धन र कुटुम्ब मिडिया नेटवर्क प्रालिको आयोजनामा मंगलबारदेखि बगनासकाली-१ चिलाङ्दीमा पाल्पा महोत्सव सुरु भएको छ । १८ गतेसम्म सञ्चालन हुने महोत्सवको एक कार्यक्रमकाबिच शुभारम्भ गरिएको हो ।

महोत्सवको मन्त्री परिषद्का अध्यक्ष एव पूर्व प्रधान न्यायधीस खिलराज रेग्मी शुभारम्भ गरेका हुन् । महोत्सव शुभारम्भ गर्दै मन्त्रीपरिषदका अध्यक्ष रेग्मीले पाल्पा महोत्सवले स्थानीय लोपन्मुख कलासंस्कृति, कृषि उत्पादन, कृषि औजार, प्रचार-प्रसार तथा प्रवर्द्धन गर्न ठूलो सहयोग मिल्ने बताए ।




कार्यक्रमा बगनासकाली गाउँपालिकाका उपाध्यक्ष हरी प्रसाद पाठक, लुम्बिनी मेडिकल कलेजका अध्यक्ष गोपालबहादुर पोखरेलले सञ्चारक्षेत्रमा लागेका युवाहरुको जोस जागरका साथ फरक प्रकृतिको अभियानमा लागेर युवाहरुलाई स्वदेशमै केही गर्न सकिन्छ भन्ने उदाहरण बनेको बताए । महोत्सवको शुभारम्भ संस्कृतिर देशप्रति केन्द्रित गतिविधीमा केन्द्रित रहेको थियो ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## क्रिसमसको शुभकामना

बुधबार देशभरका इसाई धर्मालम्बीहरुले क्रिसमस मनाउँदैछन् । इसाईहरुको सबैभन्दा ठूलो यो पर्वमा विभिन्न किसिमका कार्यक्रमहरु गरी धुमधामका साथ मनाउने गरिन्छ । यो पर्व केवल इसाईहरुले मात्रै नभएर गैर इसाईहरुले समेत विभिन्न मनोरञ्जनात्मक कार्यक्रमहरु गरी मनाउँदैछन् । आज इसाई धर्मका प्रवर्तक (जिसस) प्रभु येशूको जन्मदिन पनि हो ।

मानव समुदायले आफ्ना देवता, अगुवा अनि सम्माननीय व्यक्तित्वहरुको जन्मदिन व्यापक उत्साह अनि सद्भावका साथ मनाउँने गर्दछन् । आज भने इसाई धर्मका प्रवर्तक जिसस अर्थात् प्रभू येशूको जन्मदिनलाई इसाई धर्मलम्वीहरुले पर्वका रुपमा धुमधामका साथ मनाउँदै छन् । हिन्दुहरुको महान पर्व दशैं, तिहार जस्तै इसाई धर्मलम्वीहरुले पनि महान पर्व क्रिसमस डेलाई लिने गर्दछन् । नेपालमा विभिन्न जातजाति, भाषा, धर्म मान्ने मानिसहरुको बसोबास रहेको छ । त्यसमध्ये आज इसाई धर्मका अनुयाईहरुले हसोल्लासका साथ क्रिसमस मनाउँदै छन् ।

नेपाल लगायत विश्वका विभिन्न देशहरुमा आज एकै साथ यो पर्व मनाईंदै छ । इसाई धर्मलम्वीहरुले चर्चमा गई ईश्वरको पूजा गर्ने, साथीसंगीहरुसँग शुभकामना आदान–प्रदान गर्ने, नयाँ लुगा लगाउने, मिठो खाना खाने, घुम्न जाने, गीत, भजन, नृत्यसहित क्यारोल खेल्दै क्रिसमस पर्व मनाउने गर्छन् । नजिकै जङ्गल हुने समुदायमा घरका पुरुषहरु जङ्गल गएर ठूला रुखका मूडाहरु काटेर ल्याउँने र आगनमा बालेर यो पर्व मनाउँने गरिन्छ । इस्वि संवतका अनुसार हरेक वर्षाको डिसेम्बर २५ लाई क्रिसमसका रुपमा मनाइन्छ भने केही देशहरुले डिसेम्बर २४ मा पनि मनाउँने गर्दछन् । क्रिसमसको ठूलो आकर्षण भनेको सान्टा क्लस हुन्, रातो टोपी लगाएका अनि सेतो दाह्री, जुङ्गा भएको मोटोघाटो ठूलो शरीरको साधूले सबैलाई उपहार दिने र खुशी बाँड्ने जनविश्वास रहेको छ । हाम्रो देशमा दिगो शान्ति र विकासका लागि आध्यात्मिक चिन्तन अपरिहार्य भइसकेको छ । यसर्थ हामी सबैलाई सृष्टिकर्ता उद्धारकर्ता ईश्वरले शान्ति र मेलमिलापतर्फ डोऱ्याउन सकुन, क्रिसमसको सबैमा शुभकामना !

### Opinion @ Social Network


म हैसियत र औकात सोध्ने मान्छेलाई होइन
ब्यबहार र संस्कार सोध्ने मान्छेलाई इज्जत गर्छु ।
(अमन गाहाकोफेसबुक स्टाटसबाट https://www.facebook.com/Aman.Gaha)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भ्रष्टहरूलाई जयजयकार गर्दा भ्रष्टाचार फष्टायो



प्रा. देवीभक्त ढकाल

*राज्य सञ्चालनको परीक्षामा भ्रष्टाचार र अनियमितता गर्ने, नातावादको पक्षमा काम गर्ने, राज्यकोषबाट अत्यधिक सुविधा लिने वा विविध प्रकारका नाजायज फाइदा लिनेबाहेक यस देशका प्रधानमन्त्री, मन्त्रीहरूले नियमानुसारको सुविधामा कोही पनि बाँधिएनन् ।*

अहिलेसम्मको अवस्थामा कुनै पनि पार्टीका कुनै नेता जिल्ला जाँदा-आउँदा, कुनै कार्यक्रमको उद्घाटन, समापन वा शिलान्यास गर्न कुनै ठाउँका जनता र कार्यकर्ताले पनि उत्साहित हुने, तिनीहरूको सम्मान गर्ने र माला अबिरका साथ जयजयकार गर्न जरुरी छैन । राजनीतिका खेलाडीहरूसँग जयजयकार कमाण्ड गर्ने योग्यता नै छैन । जयजयकार डिमाण्डको विषय किमार्थ होइन । वर्तमानमा काठमाडौं विश्वविद्यालयले असफलहरूलाई दीक्षित गरेजस्तै हो वर्तमानका नेता नाम गरेका भ्रष्टलाई जयजयकार गर्नु । हिजोका उत्कृष्ट विश्वविद्यालय आज निकृष्ट किन बने ? यो कारण र परिणामका कारकलाई किन सम्मान ? जयजयकारको हकदार मूलत: ईश्वर हुन्छन् । त्यसपछि विशिष्ट वा उत्कृष्ट काम गर्नेमात्र हुन्छन् । तर, दुर्भाग्य नेपाली राजनीतिमा भ्रष्टाचार, अनियमितता, धोखाधडी, सुन तस्करी, राज्यलाई कमिसनका लागि धोखा दिने अर्थात् बेइमानी गर्नेजस्ता निकृष्ट र निच काम गर्ने सम्मानित र पुरस्कृत किन ? सम्मानित हुने हक उत्कृष्ट नतिजा ल्याउने, उत्कृष्ट काम गर्नेलाई मात्र हुन्छ । जो निकृष्ट काम गर्छ, जसले देश र जनतालाई बारम्बार धोका दिएको छ । बेइमानी र भ्रष्टाचार शृंखलाबद्ध गरेको छ । सत्ता गठबन्धन भ्रष्टाचार गर्न र भ्रष्टाचारबाट जोगिने रणनीतिका साथ गर्छ । राज्यसत्तालाई सीमित व्यक्तिको स्वार्थको हतियार बनाउनेहरू किन र कसरी सम्मानित र पुरस्कृत हुने ? संसारभर उत्कृष्टमात्र पुरस्कृत र सम्मानित हुने सर्वमान्य नियमविपरीत निकृष्ट किन पुरस्कृत ? राजनीतिका जिम्मेवारहरूले देशलाई विकास र समृद्धिको मार्गमा लैजाने काममा अनवरत अवरोध उत्पन्न गरेर आफ्नो र आफ्नाको उन्नतिका खातिर भ्रष्टाचार, अनियमितता तथा कुशासनको रेकर्ड कायम गरेका छन् । देशलाई बर्बादीको खाडलमा हाल्ने, बर्बादीको नेतृत्व गर्नेहरूलाई किन सम्मान गर्ने ? देश र समाजबाट यस विकृतिको अन्त्य कहिले ? यिनीहरूले देश-जनताका नाममा आफू, आफ्नाका लागि नाजायज लाभ लिए । राजनीतिक अभिष्ट र गन्तव्य नै भ्रष्टाचार बन्यो अब किन तिनीहरू सम्मानित हुने ? यिनीहरूका क्रियाकलाप, जीवनशैली, कार्यशैली, आचरण, व्यवहार आदिका कारण सम्मान गर्न अयोग्य छैनन् । तसर्थ सबै पार्टीको नेतृत्वमा रहेका कुनै पनि प्रकारको सम्मान गर्न, माल्यार्पण गर्न, पुरस्कृत गर्न लायक छैनन् बरू तिरस्कार गर्न योग्य छन् । तिरस्कृत गर्नुपर्नेलाई पुरस्कृत किन ? तिरस्कार गर्नुपर्नेलाई पुरस्कार र सम्मान गर्नु आफ्नै खुट्टमा आफैंले बन्चरो हान्नु हो । भ्रष्टहरू सम्मानित हुँदा भ्रष्टाचार फष्टाएको छ । यिनीहरूलाई सशक्तरूपमा निरुत्साहित नगरिकन भ्रष्टाचार न्यूनीकरणको सुरुवात कसरी हुन्छ ? सभा, समारोह साथै सामाजिक काम, व्यवहारमा समेत भ्रष्टलाई निषेधको वातावरण सशक्त कार्यान्वयनको चरणमा प्रवेश नगर्दासम्म भ्रष्टाचार घट्दैन । अहिलेको अवस्थामा नेपाल भ्रष्टाचार न्यूनीकरणको चरणमै प्रवेश गरेको छैन । परिणामस्वरूप भ्रष्टाचारको मात्रा र भ्रष्टाचारीहरूको संख्या दिनप्रतिदिन बढेको छ । हामी भ्रष्टाचार न्यूनीकरणको नाममा भ्रष्टाचार वृद्धि हुने वातावरण र क्रियाकलाप गर्दै जाने भ्रष्टाचार न्यूनीकरण कसरी हुन्छ ? यो क्रियाकलापले भ्रष्टाचार न्यूनीकरणको सुरुवात हुन्छ भन्ने भ्रमबाट जनता मुक्त हुनैपर्छ । हिजो नेपाली जनताको पक्षमा राजनीति गर्छन् कि भनेर हामीले जसलाई अप्ठ्यारो अवस्थामा दिल खोलेर सहयोग गऱ्यौं । आदर गऱ्यौं । पालित पोषितमात्रै होइन पत्रंपुष्पम् पनि गऱ्यौं । अहिले थाहा भयो तिनीहरूका लागि हामी बेवाँकमा भऱ्याङ बनिएछ । तिनीहरूलाई सहयोग गर्नुको कारण थियो कि यिनीहरूबाट आमजनताको आर्थिक सामाजिक अवस्था बदलिन्छ । गरिबी, अभाव र परनिर्भरताबाट देशले मुक्ति पाउँछ । देश विकास र समृद्धिको बाटोमा हिँड्छ । गरिब र दु:खीका दिन फर्कन्छन् । परिवर्तनले गरिबलाई आय र निमुखालाई न्यायको प्रत्याभूति गर्छ । दुर्भाग्य जिम्मेवारी प्राप्त गर्ने सबैले विश्वास घात गरे । हिजो गरिबलाई आय र निमुखालाई न्यायको वकालत गर्नेहरूले अहिले आय र न्यायलाई ठगी खाने भाँडो बनाए । अहिले जो जो पदले माथि पुगे त्यसपछि उनीहरूले हिजो माथि चढ्न सहयोग गर्ने भऱ्याङलाई लात हाने । असल कार्यकर्ताहरूलाई शत्रु ठाने । अहिले पदीय हिसाबले माथि जाने प्राय: सबैले हिजोका शुभचिन्तकहरूको बेवास्तामा नै आफ्नो कल्याण सम्झे । किनकि पुराना कार्यकर्ता वा साथीले उनीहरूको पहिल्यैको आर्थिक, सामाजिक र पारिवारिक हैसियत थाहा पाएको हुनाले ती पुराना साथीसँग सम्बन्ध बिच्छेदबाट विकृति सुरु भयो । हिजोका सुकुम्बासी भ्रष्टाचारको जगमा अहिले सम्भ्रान्त बने । नयाँसँग हिमचिम र पुरानासँगको सम्बन्धमा यिनीहरूले पूर्णविराम लगाउन उचित ठाने । आजको सम्पन्नताको विषयमा पुराना अनभिज्ञ रहुन भन्ने मनसाय किन छ भने भ्रष्टाचारको चमत्कार कसरी हुन्छ पुराना साथीले नहेरुन् नदेखुन् भन्ने सचेतता पूर्वसुकुम्बासीमा प्रबल छ । तसर्थ जो बढी भ्रष्टाचारमा डुब्यो उसले पुराना साथीसँगको आत्मीय सम्बन्धलाई पारपाचुके नै गऱ्यो किनकि देश र जनताका लागि राजनीति नगरेर आफ्ना लागि राजनीति गरेका कारण बाँचुन्जेल पद र पैसाको जोहो नै अहिले यिनीहरूको राजनीतिक गन्तव्य बन्यो । गरिबलाई आय, निमुखालाई न्याय भनेर घोक्रो सुकाउनेहरू अहिले पद, न्याय, आयलाई एकलौटी बनाएका छन् । जनता र कार्यकर्ता भऱ्याङ हुन् । माथि पुगेपछि त्यस भऱ्याङलाई लात्तीले हानेर फाल्नु नै यिनीहरूको आर्थिक समानता र प्रजातान्त्रिक समाजवाद भएको छ । अहिले नेपालमा तीन दशकसम्म त्यस्तै चरित्र र प्रवृत्ति हुनेहरूको हातमा सत्ता छ । सत्तामा हुँदा भ्रष्टाचार, मानव अधिकारको उल्लंघन, अनियमितता, कुशासन साथै भाइभतिजावाद यिनीहरूले आफ्नो सिद्धान्त, गन्तव्य बनाए भने यिनीहरू सम्मानित र पुरस्कृत कसरी हुने ? हाम्रो दुर्भाग्य यिनीहरूको निकृष्ट, भ्रष्ट चरित्रलाई मालाले पुर्ने, जयजयकार गर्ने जति सबै प्रजातान्त्रिक पद्धतिका साथै जनता र देशका शत्रु हुन् । प्रजातान्त्रिक शासनमा ग्रहण लगाउने, विकास, समृद्धिलाई अवरुद्ध गर्ने काममा यिनै जयजयकार गर्ने जिम्मेवार छन् । भ्रष्टाचारका नाइकेलाई जयजयकार गर्नुभनेको भ्रष्टाचार र कुशासनलाई अनुमोदन गर्नु हो । सत्तामा गएका अपवादबाहेक सबै भ्रष्टाचारको आहालमा डुबेका छन् । तसर्थ ती भ्रष्टलाई जयजयकार तिनीहरूकै छत्रछायाँमा भ्रष्टाचार गर्ने योजना हुनेले मात्रै गर्छन् । उच्चपदस्थ भनेको नेपालमा सबै कुलीन भ्रष्ट हुन् । समाजले भ्रष्टलाई सशक्त उपेक्षा र बेवास्ता गर्दा सबै भ्रष्ट निरुत्साहित हुन्थे तर हामीले भ्रष्टलाई निरुत्साहित हुने क्रियाकलापभन्दा उत्साहित हुने क्रियाकलाप गरेका कारण भ्रष्टाचार फष्टाएको हा । भ्रष्टाचारको जरामा मल हाल्ने क्रियाकलाप पूर्णरूपमा बन्द नहुँदासम्म नेपालीको भाग्योदय हुने ढोका खुल्दैन । भ्रष्टलाई जयजयकार र माला लगाउने विषयमा अब पनि नसोच्ने हो भने हाम्रो गरिबी, अभाव, युवा पलायन, वैदेशिक ऋण जस्ता नकारात्मक परिसूचकमात्रै बढ्दैनन् नेपालको भौगोलिक अस्तित्व पनि संकटग्रस्त हुनसक्छ । स्वच्छ नागरिक पनि आसेपासेहरूको उक्साहटमा भ्रष्टको जयजयकारमा र ती भ्रष्टलाई माला लगाउन पुगेको देखिन्छ । राष्ट्र र जनतालाई शोषण गरेर व्यक्तिगत लाभ लिनेहरूलाई किन सम्मान गर्ने ? जसले परीक्षमा उत्कृष्ट अंकका साथ पास हुन्छ त्यो मात्र सम्मान र पुरस्कारको हकदार हुन्छ । यस विषयमा अब पनि नसोच्ने हो भने नेपाल र नेपालीको भविष्य र भाग्यलाई यिनीहरूले अझै गर्तमा हाल्छन् । भ्रष्टाचारी आफ्नो पार्टीको होस् वा अर्को पार्टीको तिनीहरूलाई तिरस्कार गर्ने काम गरिएन भने हामीले भ्रष्टाचारीलाई पुरस्कृत गरेको ठहर्छ । भ्रष्ट मनोवैज्ञानिक रूपमा कमजोर हुने अवस्था सिर्जना हुनसकोस् । आजसम्म सत्ता उपभोग गर्नेमध्ये अपवादबाहेक सबै भ्रष्टाचारमा चुर्लुम्म छन् । राज्य सञ्चालनको परीक्षामा भ्रष्टाचार र अनियमितता गर्ने, नातावादको पक्षमा काम गर्ने, राज्यकोषबाट अत्यधिक सुविधा लिने वा विविध प्रकारका नाजायज फाइदा लिनेबाहेक यस देशका प्रधानमन्त्री, मन्त्रीहरूले नियमानुसारको सुविधामा कोही पनि बाँधिएनन् । राज्य सञ्चालनमा जिम्मेवार भूमिकामा रहेकाहरू अनियमितता, भ्रष्टाचार तथा भाइभतिजावादमा डुब्नु भनेको परीक्षामा असफल हुनु हो । संसारमा कुनै यस्तो नियम र परम्परा छैन् जहाँ असफललाई फूलमालाले पुरस्कृत गरियोस् । नेपल नै यस्तो अपवाद हो जहाँ असफल सम्मानित र पुरस्कृत हुन्छन् । राजनीतिमा कार्यरत अहिलेको नेतृत्व पूर्णत: असफल प्रमाणित भएको अवस्थामा ती असफललाई मालाखादाले, फूलमालाले सम्मान गर्ने कामले परीक्षामा असफल पुरस्कृत हुन्छन् । कस्तो आश्चर्य, लज्जास्पद अवस्था असफललाई जयजयकार गरिन्छ र माल्यार्पण हुन्छ । यस्तो अवस्थामा असफल-सफलबीचको विभेद कसरी गर्ने ? अहिलेसम्म प्रधानमन्त्रीको जिम्मेवारीमा हुने प्रधानमन्त्रीहरूले र मन्त्रीहरूले यदि इमानदारीपूर्वक काम गरेको भए के हाम्रो जमिन बाँझो हुन्थ्यो ? व्यापार घाटा अक्कासिन्थ्यो ? ब्याजको भुक्तानी गर्न ऋण लिनुपर्थ्यो ? हिजो कृषिमा आत्मनिर्भर देश अहिले परनिर्भर हुन्थ्यो ? कुशासन र अनियमितता फष्टाउथ्यो ? किमार्थ फष्टाउने थिएन । यस्ता विकृति उत्पादन गर्ने को ? यिनै अहिलेसम्मका सबै राष्ट्रपतिहरू प्रधानमन्त्री र मन्त्रीहरू नै हुन् । यी सबै जिम्मेवारी निर्वहन गर्ने परीक्षामा नितान्त असफल हुन् । अब यिनै असफल, अक्षम र भ्रष्टलाई फेरि जयजयकार र फूलमाला लगाउनुभनेको परीक्षामा असफल हुनेहरूलाई पुरस्कृत गर्नु हो । संसारको परीक्षाको नियम नै परीक्षामा अत्यधिक अंक प्राप्त गर्नेलाई पुरस्कृत गर्ने प्रचलन छ ।

नेपालका वर्तमान, पूर्वराष्ट्रपतिहरू, प्रधानमन्त्रीहरू र मन्त्रीहरूको जयजयकार र मालाले सम्मान गर्नुभनेको असफल, अक्षम भ्रष्टहरूलाई सम्मान गर्नु हो । असफलहरूलाई तिरस्कृत गरेर योग्य र सक्षमलाई परीक्षामा प्रतिस्पर्धा गर्ने अवसर दिने विषयमा अब सोचौं । अहिलेसम्म नेपाली राजनीतिको प्रतिस्पर्धामा जपजसले भाग लिएका छन् ती सबै पूर्णत: असफल भएका छन् । भ्रष्टाचार अनियमितताको साम्राज्यलाई यिनीले सुशासन विकास र समृद्धिको नाम दिएका छन् तर यिनीहरू फूलमालाले सम्मानित हुने आधार के ?

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : जोशजाँगर र हिम्मत बढ्नेछ । दैनिक कार्यहरूमा प्रगति हुनेछ । | **तुला** : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । स्वादिष्ट भोजन पाइनेछ । |
| **वृष** : संयम रहनु होला । नियमित खर्चसमेत बढ्ने योग रहेको छ । | **वृश्चिक** : अतिथिका रूपमा सम्मान पाइनेछ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । |
| **मिथुन** : मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । लगानी गर्ने समय पनि छ । | **धनु** : प्रतीक्षा गरिएको काम पूरा हुनेछ । शुभकार्यको चर्चा पनि चल्नेछ । |
| **कर्कट** : रमणीय यात्रा फलदायी हुँदैछ। आकस्मिक धन लाभ हुनेछ । | **मकर** : धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । नयाँ काम सुरु गर्ने समय छ । |
| **सिंह** : शुभ समाचार सुन्न पाइनेछ । मनोरञ्जनको क्षेत्रमा सहभागी भइनेछ। | **कुम्भ** : रोकिएका अधुरा कार्यहरू पुरा हुनेछन् । पारिवारिक सहयोग मिल्नेछ। |
| **कन्या** : शरीरमा स्फूर्तिको कमी हुनेछ। झुटा आरोप आइपर्दा समस्या खेप्नुपर्नेछ। | **मीन** : परिवारजनको साथले नयाँ आशा पलाउनेछ । मित्रबाट सहयोग मिल्नेछ । |

## कला मनोरञ्जन

# हरिवंशले गरे पार्श्व गायनमा कमब्याक



वरिष्ठ हास्यकलाकार, अभिनेता हरिवंश आचार्यले फिल्मको पार्श्व गायनमा कमब्याक गरेका छन् । उनले ८ वर्षपछि पार्श्व गायनमा कमब्याक गरेका हुन् । अर्जुन सुवेदीको निर्देशनमा बन्न लागेको फिल्म 'सोल्टिनी' को एक गीतमा उनले आइतबार आफ्नो स्वरमा रेकर्ड गराएका छन् । गीतमा हर्कुलस बस्नेतको संगीत रहेको छ । पछिल्लो समय आचार्यले सन् २०१६ मा रिलिज भएको फिल्म 'जात्रा' का लागि 'नोट नोट' गीत उनले गायका थिए । हुन त आचार्यको स्वरमा वर्षमा एक दुई गीत सार्वजनिक हुने गर्छ । फिल्मका लागि भने उनी ८ वर्षपछि गायक हुन् लागेका हुन् । आचार्यले गाएको गीतलाई फिल्ममा कथावाचनको रुपमा प्रयोग गरिने निर्माण युनिटले जनाएको छ । पुस अन्तिमबाट छायांकनमा जाने तयारीमा रहेको फिल्ममा प्रकाश सपूत, परीक्षा लिम्बू, विल्सन विक्रम राई, सब्बु गुरुङ, रवीन्द्र झा, प्रकाश घिमिरे, प्रेम सुब्बा, कविता आले, सुजन खतिवडा लगायतको अभिनय रहनेछ । प्लानेट थ्री फिल्मसको प्रस्तुति तथा नेपसिने र योलो इन्टरटेन्मेन्टको सहकार्यमा निर्माण हुने फिल्मको स्क्रिप्ट अर्जुन सुवेदी र कुमार भट्टराईले मिलेर लेखेका हुन् । फिल्मलाई २०८२ साल असोज ३ गते, संविधान दिवसको दिन रिलिज गरिने बताए ।

*-रातोपाटी डटकम*

# अनमोल र नीति : फिल्ममा जुर्न नसकेको जोडी



लामो समयदेखि दर्शकको एउटा तप्काले पर्दामा हेर्न चाहेको जोडी हुन्, अनमोल केसी र नीति शाह । फिल्ममा उनीहरुको जोडी बाँध्ने प्रयास नभएको पनि होइन, तर आजसम्म सहकार्य जुर्न सकेको छैन । फिल्म 'ड्रिम्स'मा नै अभिनेता भुवन केसीले अनमोल र नीतिको जोडी बाँध्न खोजेका थिए । तर, त्योबेला नीतिले रुचि नदेखाएपछि 'ड्रिम्स'बाट साम्राज्ञी आर एल शाहले डेब्यु गरेकी थिइन् । जब नीतिले अभिनेत्री बन्ने सोच बनाइन्, त्यसपछि पनि उनको अनमोलसँग जोडी बाँध्न केही निर्माता अगाडि सरेका थिए । 'एक्स ९' भन्ने फिल्ममा दुवैसँग सम्झौता नै भएको थियो । तर, यो फिल्म बन्न सकेन । यसपछि 'रावायण' भन्ने फिल्ममा पनि उनीहरुको जोडी बाँध्न खोजिएको थियो । तर, छायांकनको अन्तिम समयमा आएर अनमोलले फिल्म छाडेपछि नीतिलाई पनि हटाइयो । फिल्ममा सहकार्य जुर्न नसकेको भए पनि अनमोल र नीतिबीच निकै राम्रो सम्बन्ध छ । स्कूलका सहपाठी समेत रहेका उनीहरुको बेलाबखतमा भेट भइरहन्छ । यतिबेला उनीहरु अमेरिकामा छन् । आइतबार सान फ्रान्सिस्कोमा आयोजना भएको 'गोल्डेन नेपाली फिल्म अवार्ड'मा सहभागी हुन पुगेका उनीहरु त्यहाँ घुमफिरदेखि फोटो सेसनमा रमाइरहेका छन् । नीतिले अवार्ड सकिएपछि अनमोलसँग खिचेका केही प्रेमिल तस्वीरहरु आफ्नो सामाजिक सञ्जाल फेसबुक र इन्स्टाग्राममा सेअर गरेकी छन्, जसमा उनीहरु हँसिलो मुद्रामा देखिएका छन् । एउटा तस्वीरमा अनमोल र नीतिले एकअर्कालाई हेरेर मुस्कुराएका छन् । यसले पनि उनीहरुबीच हार्दिक सम्बन्ध रहेको दर्शाउँछ । अब यो जोडीलाई पर्दामा हेर्न दुवैका प्रशंसकहरु अधैर्य छन् ।

*-फिल्मी खबर डटकम*

# दयाहाङको 'कार्साङ' कस्तो फिल्म हो ?



अभिनेता दयाहाङ राईलाई लाग्दै आएको आरोप हो, उनी धेरै फिल्म खेल्छन् । हरेक महिनाजसो उनका फिल्म प्रदर्शनमा आउँछन् । कुन हेर्ने र कुन नहेर्ने दोधारमा दर्शक हुन्छन् । यो पटक भने उनी निकै लामो समयपछि हलमा आउँदैछन् । 'कार्साङ'मार्फत पुस २६ गते उनी हलमा आउँदा उनको अघिल्लो फिल्म रिलिज भएको करिब ६ महिना हुनेछ । अर्थात् ६ महिनापछि दयाहाङ आफ्ना दर्शकमाझ आउँदै छन् । 'घर ज्वाईं' असार २८ गते रिलिज भएको थियो । त्यसयता दयाहाङ अभिनित 'कार्साङ' रिलिज हुन लागेको हो ।

आधा वर्षाको अन्तरालपछि दयाहाङ हलमा आउँदा दर्शकको साथ पाउने अपेक्षा निर्माणपक्षको छ । 'घरज्वाईं' पनि व्यवसायिक सफल फिल्म हो । ग्रामीण परिवेशको एक पारिवारिक जिम्मेवार अभिभावकको भूमिकामा दयाहाङ देखिने भएका छन् । अभाव र दुःखबीच आफ्नो जातिको संस्कारलाई जोगाउने इमान्दार चरित्रमा उनी देखिनेछन् । अभाव र इमान्दार समाजका भुइँ मान्छे कसरी आफन्त र समाजबाट पाखा लगाइन्छन् भन्ने 'कार्साङ'ले देखाउने यसको टिजरले देखाइसकेको छ । टिजरले भुइँमान्छेको कथा 'कार्साङ'ले भन्ने र यो कथा दयाहाङको पात्रमार्फत् भनिने प्रष्ट पारेको छ । यो फिल्मले गरिबीमा जीवन बिताइरहेका आम नेपालीको कथासँगै दर्शकले शेर्पा समुदायको संस्कृति पनि बुझ्ने अवसर पाउनेछन् । प्रायः दयाहाङ हाइफाइ र चटपटेभन्दा मौलिक कथामार्फत फिल्ममा देखिँदै आएका कलाकार हुन् । यसपटक पनि उनी शेर्पा समुदायको कथा लिएर दर्शकलाई भेट्न आउँदैछन् । 'कार्साङ' यम शेर्पाको डेब्यु निर्देशन हो ।

कथा पनि निर्देशक उनी आफैले लेखेका छन् । फिल्ममा सिर्जना निङलेखु, जितु नेपाल, दीया मास्के, बुद्धि तामाङ, सृष्टि गौतम, डोमा ह्योल्मो, प्रेम लोप्चन, सुरवीर पण्डितलगायत कलाकारको अभिनय छ । निङलेखुको यो डेब्यु फिल्म हो । यार्सा फिल्म्स र पुरुषोत्तम प्रधान फिल्मसको प्रस्तुतिमा निर्माण भएको फिल्ममा प्रधान छायांकार हुन् । उनी निर्माता पनि हुन् । सहनिर्माता गोविन्द बोहरा हुन् भने कार्यकारी निर्माता आङछिरिङ शेर्पा हुन् । *-अनलाइन खबर डटकम*


## निक्षेप उपरको हकदावी सम्बन्धी ३५ दिने सूचना

*(प्रकाशित मिति : २०८१/०९/१०)*

श्री तुल बिर गाहाको नाति, प्रेम सिंको छोरा, पाल्पा जिल्ला मदनपोखरा गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई पाल्पा जिल्ला तानसेन न.पा. वडा नं. ९ बस्ने ना.प्र.प.नं. १६२५९, (पाल्पा) भएको श्री तारा बहादुर गाहा मगरको नाममा यस विकास बैंकको तानसेन, पाल्पा शाखा कार्यालयमा बचत खाता नं. ००६०१९००५९०३६३००००01 रहेकोमा निजको मिति २०८१/०१/२१ मा मृत्यु भएको र निज मृतक तारा बहादुर गाहा मगरको नाममा यस विकास बैंकमा रहेको माथि उल्लिखित खाताको रकम भुक्तानीको माग गर्दै पाल्पा जिल्ला तानसेन न.पा. वडा नं. ९ बस्ने मृतक तारा बहादुर गाहा मगरको छोरा नाता पर्ने मिन बहादुर गाहाले मृतकको मृत्यु दर्ता प्रमाण-पत्र दर्ता नं. २००१०२१२०४९२६-२) र अन्य आवश्यक कागजात सहित यस विकास बैंकमा निवेदन पेश गर्नू भएकोले उक्त रकममा अन्य कसैको हकदावी लाग्ने भए सूचना प्रकाशन भएका मितिले ३५ दिनभित्र यस विकास बैंकमा आवश्यक सबुत प्रमाणका कागजात सहित निवेदन दिनुहुन अनुरोध छ । अन्यथा तोकिएको समयभित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक श्री मिन बहादुर गाहालाई उल्लिखित व्यक्तिको खाताको रकम भुक्तानी भैजाने व्यहोराको लागि यो सुचना प्रकाशित गरिएको छ ।

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited


# 'पुजार सार्की' सर्वोत्कृष्ट, अभिनयमा अनमोल र आँचल



गोल्डेन नेपाली फिल्म अवार्डको पहिलो संस्करणमा 'पुजार सार्की' सर्वोत्कृष्ट चलचित्र बनेको छ । अमेरिकाको क्यालिफोर्नियामा आइतबार भएको अवार्ड समारोहमा 'पुजार सार्की' उत्कृष्ट नेपाली चलचित्र घोषित भएको हो । सोही चलचित्रबाट दिनेश राउतले पनि उत्कृष्ट निर्देशकको अवार्ड प्राप्त गर्नुभयो । यस्तै, अभिनेता अनमोल केसी र अभिनेत्री आँचल शर्मा उत्कृष्ट अभिनेता अभिनेत्री ठहरिए । अनमोलले चलचित्र 'फर्की फर्की' र आँचलले 'डिग्री माइला'बाट उत्कृष्ट अवार्ड प्राप्त चुम्मे । क्यालिफोर्नीयास्थित रिचमन्ड मेमोरियल अडिटोरियम, ४०३ सिभिक सेन्टर प्लाजामा आयोजना भएको अवार्ड समारोहमा अभिनेता शिव श्रेष्ठलाई 'लाइफ टाइम एचिभ्मेन्ट' अवार्डबाट सम्मान गरिएको थियो । यस्तै, पपुलर अभिनेतामा प्रदीप खड्का र अभिनेत्रीमा केकी अधिकारीले अवार्ड प्राप्त गर्नुभयो भने सर्वोत्कृष्ट लेखनमा दीपेन्द्र लामा ( नांगो गाउँ), सर्वोत्कृष्ट छायाँकनमा आलोक शुक्ला (नांगो गाउँ), सर्वोत्कृष्ट सम्पादनमा मित्र गुरुङ (उपहार), सर्वोत्कृष्ट सहअभिनेतामा प्रमोद अग्रहरी (अगस्त्य), सर्वोत्कृष्ट सहअभिनेत्रीमा वर्षा

> ***'पुजार सार्की' उत्कृष्ट नेपाली चलचित्र घोषित भएको हो । यस्तै, अभिनेता अनमोल केसी र अभिनेत्री आँचल शर्मा उत्कृष्ट अभिनेता अभिनेत्री ठहरिनुभयो । अनमोलले चलचित्र 'फर्की फर्की' र आँचलले 'डिग्री माइला'बाट उत्कृष्ट अवार्ड प्राप्त चुम्नुभयो । क्यालिफोर्नीयास्थित रिचमन्ड मेमोरियल अडिटोरियम, ४०३ सिभिक सेन्टर प्लाजामा आयोजना भएको अवार्ड समारोहमा अभिनेता शिव श्रेष्ठलाई 'लाइफ टाइम एचिभ्मेन्ट' अवार्डबाट सम्मान गरिएको थियो ।***

शिवाकोटी (परदेशी २), सर्वोत्कृष्ट संगीतकारमा प्रकाश सपुत (बोक्सीको घर), सर्वोत्कृष्ट गायकमा एसडि योगी ( नांगो गाउँ), सर्वोत्कृष्ट गायिकामा समीक्षा अधिकारी (बोक्सीको घर), जुरी अवार्डमा बोक्सीको घर र कृटिक्स अवार्डमा गाउँ आएको बाटोले अवार्ड प्राप्त गरेका छन् । ०८० साउनदेखि ०८१ असार मसान्तभित्र नेपालका सिनेमा घरमा प्रदर्शन भएका नेपाली चलचित्रहरू समावेश गरिएको अवार्डमा सहभागी हुन करिब दुई दर्जन कलाकार अमेरिका पुगेका छन् । अवार्डको जुरीमा नेपालबाट वरिष्ठ अभिनेता शिव श्रेष्ठ, वरिष्ठ अभिनेता सुनिल थापा, चर्चित अभिनेत्री तथा निर्देशक दीपश्री निरौला, वरिष्ठ छायाँकार गौरीशंकर धूजु श्रेष्ठ, अभिनेता सुनिल कटुवाल र वरिष्ठ चलचित्र पत्रकार तथा निर्देशक लक्ष्मण सुवेदी रहेका छन् ।

*-इहिमालय टाइम्स डटकम*

# आज 'क्रिसमस डे' मनाइँदै

## देशभर सार्वजनिक बिदा

**पाल्पा,** पौष ९/आज क्रिश्चियन धर्माबलम्बीहरूको महान पर्व क्रिसमस हर्षोल्लासका साथ मनाइँदैछ । नेपालमा पनि आज क्रिश्चियन धर्मावलम्बीहरूले विभिन्न कार्यक्रमको आयोजना गरी 'क्रिसमस' पर्व मनाइरहेका छन् ।




अंग्रेजी क्यालेण्डर अनुसार हरेक वर्ष २५ डिसेम्बरमा येशु ख्रिष्टको जन्मदिनको अवसर पारेर क्रिश्चियन धर्मालम्बीले क्रिसमस पर्व मनाउँदै आएका छन् । सन् ३५० देखि यो पर्व मनाउन सुरु भएको पाइन्छ । यस अवसरमा इसाई धर्मावलम्बीहरु चर्चमा भेला भएर जिसस क्राइस्टको पवित्र आत्माको प्रार्थना गर्छन् । इसाई धर्मगुरु जिसस क्राइस्टले मानव जातिको मुक्तिका लागि आहुति दिएको सम्झनामा क्रिसमस डे मनाउने गरिन्छ । 'क्रिसमस डे'को अवसरमा नेपाल सरकारले इसाई धर्मावलम्बीका लागि आज सार्वजनिक बिदा समेत दिएको छ । इसाई धर्मावलम्बीले खुसीयाली, उपहार र शुभकामना साटासाट गरी मनाउने यो पर्वको पूर्वसन्ध्यामा सोमबार र मंगलबार पाल्पाको तानसेनमा रौनक छाएको थियो । तानसेनका विभिन्न चर्चहरुमा क्रिसमस इभ लक्षित विभिन्न कार्यक्रम समेत आयोजना गरिएका थिए । डिसेम्बर २५ तारिखमा पर्ने इसाई धर्मावलम्बीको प्रमुख चाड क्रिसमस मनाउन अघिल्लो दिन राति 'क्रिसमस इभ' मनाउने चलन छ । क्रिसमसको ठूलो आकर्षण भनेको सान्टा क्लस हुन् । रातो टोपी लगायतका सेतो दाह्री, जुङ्गा भएको मोटोघाटो ठूलो शरीरको पादरीले सबैलाई उपहार दिने र खुशी बाँड्ने छन् भन्ने विश्वास छ । सान्टा क्लसले उपहार दिने प्रतिक्षामा आज धेरै केटाकेटीहरु रातिअबेरसम्म सुत्दैनन् । यसका साथै केही ब्यक्तिहरु सान्टा क्लसको भेषमा उपहार र कोसेली बाँड्दै, साँट्दै हिंड्ने गर्छ भने बालबालिका सान्टा क्लसको भेषमा रमाउने गर्छन् ।

**किन मेरी क्रिसमस भनिन्छ ?**

पहिलो कारण- येशुकी आमाको नाम मरियम थियो । उनलाई मदर मेरी पनि भनिन्छ । त्यसैले पनि सम्भवत क्रिसमसको शुभकामना दिन मेरी क्रिसमस भनिने गरिन्छ । दोस्रो कारण- अंग्रेजी भाषामा मेरी शब्दको अर्थ नै खुशी अर्थात् रमाइलो हुन्छ अर्थात् ह्याप्पी । त्यसैले क्रिसमसमा बधाई दिनका लागि ह्याप्पीको ठाउँमा मेरी शब्द प्रयोग गरिएको हो । १८ औं शताब्दीमा प्रख्यात बनेका साहित्यकार चार्लस डिकेन्सले आफ्नो किताब अ क्रिसमस केरोलमा सबैभन्दा बढी मेरी शब्दको प्रयोग गरेका थिए । त्यसपछि नै मेरी शब्दको प्रचलन बढेको बताइन्छ ।

## चिलाङ्दीमा सुरु...

...महोत्सवमा भाषण भन्दा स्थानीय स्थानीय कलासंस्कृति झ्याउरे, सोरठी, रत्यौली, बालन, भजन, कौडा, मारुनी, लाखे, पञ्चेबाजा, लोपोन्मुख कुमाल, बोटे लगायतको कलासंस्कृति जर्गेना गर्ने प्रचार -प्रसार गर्ने मुख्य अभियान नै रहेको महोत्सव संयोजक नारायण न्यौपानेले बताए ।

महोत्सवमा १ सय ५० स्टल रहेका छन् भने १ लाख ५० हजार दर्शकले अवलोकन गर्ने र ३ करोड बरावरको कारोवार हुने अपेक्षा रहेको महोत्सवका सह-संयोजक यज्ञमुर्ति तिमिल्सेनाले बताए । महोत्सवमा स्थानीय घरेलु तथा कुटिर उद्योगबाट उत्पादित दुना टपरी, पाल्पा कारागारमा उत्पादन भएका बासका सरसमानहरु, स्थानीय कृषि औजार, बगनासकाली गाउँपालिका नौ वटै फरक -फरक प्रकृतिको कृषि उत्पादन प्रदर्शनीले महोत्सवलाई आर्कषण बनाएको छ । गाउँपालिका अध्यक्ष सरस्वती दर्लामी चिदीको अध्यक्षतामा भएको महोत्सव मुल आयोजक समितिका सह-संयोजक यज्ञमुर्ति तिमिल्सेनाको स्वागत र महोत्सव मुल समितिका संयोजक नारायाण न्यौपानेको सञ्चालनमा भएको थियो । महोत्सव शुभारम्भअघि विभिन्न समुहबाट बाजागाजा झाँकी सहित गाउँपालिकादेखी चिलाङ्दी चोकसम्म र्‍याली निकालिएको थियो ।

मुक्तिदाता प्रभु येशू ख्रीष्टको जन्मोत्सव तथा नव वर्ष सन् २०२५ को उपलक्ष्यमा सम्पूर्ण देश विदेशमा रहनुभएका शुभचिन्तकहरुमा सुख, शान्ति, समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
दुर्गा पाहारी
पास्टर
तानसेन चर्च परिवार
तानसेन, पाल्पा

मुक्तिदाता प्रभु येशु ख्रीष्टको जन्मोत्सव तथा नव वर्ष सन् २०२५ को उपलक्ष्यमा सम्पूर्ण देश विदेशमा रहनुभएका शुभचिन्तकहरुमा सुख, शान्ति, समृद्धिको शुभकामना व्यक्त गर्दछौं । साथै परमेश्वरबाट सबैलाई आशिष् प्रदान होस् भनि कामना गर्दछौं ।
तानसेन स्कूल अफ हेल्थ साइन्स
तानसेन, पाल्पा

प्रभु येशू ख्रीष्टको जन्मोत्सव तथा नयाँ वर्ष सन् २०२५ को उपलक्ष्यमा सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति र समृद्धिको लागि प्रार्थना एवं हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
रेभ. पाष्टर
भिम कपडेल
एवं
ख्रीष्टय आराधना केन्द्र (एसम्बलीज अफ गड) चर्ज परिवार
तानसेन-५ कैलासनगर, पाल्पा

प्रभु येशू ख्रीष्टको जन्मोत्सव तथा नयाँ वर्ष सन् २०२५ को उपलक्ष्यमा सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति र समृद्धिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं । साथै परमेश्वरबाट सबैलाई आशिष् प्रदान होस् भनि कामना गर्दछौं ।
डा. रचेल कारख
अस्पताल निर्देशक
एवं
युनाइटेड मिसन अस्पताल तानसेन परिवार

मुक्तिदाता प्रभु येशू ख्रीष्टको जन्मोत्सव तथा नव वर्ष सन् २०२५ को उपलक्ष्यमा सम्पूर्ण देश विदेशमा रहनुभएका शुभचिन्तकहरुमा सुख, शान्ति, समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
डिल बहादुर थापा
पास्टर तथा
हेब्रोन चर्च परिवार
तानसेन, पाल्पा

मुक्तिदाता प्रभु येशू ख्रीष्टको जन्मोत्सव तथा नव वर्ष सन् २०२५ को उपलक्ष्यमा सम्पूर्ण देश विदेशमा रहनुभएका शुभचिन्तकहरुमा सुख, शान्ति, समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
मानबहादुर राना
पास्टर
गोशेन चर्च परिवार
तानसेन, पाल्पा

मुक्तिदाता प्रभु येशू ख्रीष्टको जन्मोत्सव तथा नव वर्ष सन् २०२५ को उपलक्ष्यमा सम्पूर्ण देश विदेशमा रहनुभएका शुभचिन्तकहरुमा सुख, शान्ति, समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
एनिस जोसेफ एवं सागरमान महर्जन
प्रिन्सिपल अध्यक्ष
सेन्ट कपितानियो स्कुल परिवार
तानसेन, पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई